# <u>सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०७७</u>

**<u>प्रस्तावना</u>**: सुदूरपश्चिम प्रदेश भित्रका पर्यटन क्षेत्र एवं पर्यटकीय महत्वका विषयको संरक्षण, व्यवस्थापन, विकास एवं प्रवर्द्धन गरी पर्यटन क्षेत्र मार्फत जनताको आर्थिक उन्नति गर्ने विषयलाई मध्यनजर राखी पर्यटकको स्वास्थ्य, सुविधा र हित समेतलाई कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "**सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ईजाजतपत्र"** भन्नाले ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका तथा कार्यविधि बमोजिम व्यवसायीलाई प्रदान गरिने अनुमतिपत्रलाई सम्झनु पर्छ ।

(ख) **"कार्यकारी अधिकृत"** भन्नाले दफा ६४ बमोजिमको प्रदेश पर्यटन बोर्डको कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले पर्यटनसँग सम्बन्धित पर्यटन व्यवसायको दर्ता तथा नवीकरण सम्बन्धी काम गर्ने मन्त्रालय मातहतको कार्यालयलाई सम्झनु पर्छ ।

(घ) **"कोष"** भन्नाले दफा ६७ बमोजिमको प्रदेश पर्यटन बोर्डको कोषलाई सम्झनु पर्छ ।

(ङ) **"जलयात्रा"** भन्नाले डुङ्गा, नाउ, रिभरबोट, वा अन्य त्यस्तै प्रकृतिको नदीमा तैरिने जलयात्राको साधन प्रयोग गरी मनोरञ्जन, प्राकृतिक तथा साँस्कृतिक दृश्यावलोकनका लागि गरिने यात्रा सम्झनु पर्छ ।

(च) **"ट्राभल एजेन्सी"** भन्नाले पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका स्थानहरुमा दृश्यावलोकनसम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(छ) **"ट्रेकिङ्ग एजेन्सी"** भन्नाले पर्यटक वा अन्य व्यक्तिहरुलाई विविध प्राकृतिक एवं साँस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई विभिन्न स्थानहरुमा यात्राको प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ज) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

पहिलो मस्यौदा

(झ) **"दरखास्तवाला"** भन्नाले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा पर्यटकस्तरीय होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बार, पथ प्रदर्शक, जलयात्रा वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्नको निमित्त मन्त्रालय समक्ष दरखास्त पेश गर्ने पर्यटन व्यवसायी सम्झनु पर्छ ।

(ञ) **"पथ प्रदर्शक"** भन्नाले पारिश्रमिक लिई पर्यटकको साथमा गई पथ प्रदर्शनको लागि काम गर्ने यस ऐन बमोजिम ईजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ट) **"पर्यटक"** भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपालमा आई यस प्रदेशमा पर्यटकीय उद्देश्यले आउने गैरनेपाली नागरिकलाई सम्झनुपर्छ ।

(ठ) **"पर्यटन व्यवसायी"** भन्नाले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा पर्यटकस्तरीय होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बार, पथप्रदर्शक, जलयात्रा वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनु पर्छ ।

(ड) **"प्रदेश सरकार"** भन्नाले सुदूरपश्चिम प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ढ) **"बोर्ड"** भन्नाले दफा ५४ बमोजिम स्थापना भएको प्रदेश पर्यटन बोर्ड सम्झनु पर्छ।

(ण) **"मन्त्रालय"** भन्नाले सुदूरपश्चिम प्रदेशको पर्यटनसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(त) **"रिभर गाइड"** भन्नाले जलयात्रा टोलीलाई जलयात्रामा सहयोग गर्ने यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका तथा कार्यविधि बमोजिम ईजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(थ) **"रिसोर्ट"** भन्नाले आधुनिक बनावटका साथै प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदा प्रतिबिम्वित हुने गरी निर्माण गरिएका पर्यटकीय आवासलाई सम्झनु पर्छ ।

(द) **"होटल"** भन्नाले यस ऐन बमोजिम दर्ता भई सञ्चालन हुने पर्यटकस्तरीय होटल सम्झनु पर्दछ ।

(ध) **"होटल व्यवसायी"** भन्नाले मन्त्रालयबाट पर्यटकस्तरको होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बार सञ्चालन गर्ने ईजाजत प्राप्त व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनु पर्छ ।

(न) **"होमस्टे"** भन्नाले स्थानीय मौलिक संस्कृति झल्किने गरी निजी घर वा सामुदायिक आवासमा खाने, बस्ने र मनोरञ्जन समेत गराउने उद्देश्यले शुल्क लिई पर्यटकको लागि गरिने घरायसी प्रबन्ध सम्झनु पर्छ ।

(प) **"वातावरणीय अध्ययन"** भन्नाले वातावरण सम्वन्धी प्रचलित कानून बमोजिम गरिने वातावरणीय अध्ययन प्रतिवेदनलाई सम्झनु पर्छ ।

(फ) **"स्थानीय तह"** भन्नाले नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

**परिच्छेद – २**

## ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था

३. **<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न ईजाजतपत्र लिनुपर्ने</u>**: (१) प्रदेश भित्र ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम ईजाजतपत्र लिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम ईजाजतपत्र लिएका ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले एक वर्ष भित्र मन्त्रालयमा ईजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने ईजाजतपत्रको अद्यावधिक कार्य बापतको दस्तुर लाग्ने छैन ।

(३) उपदफा (२) बमोजिमको समयावधि भित्र अद्यावधिक नगरेमा शुरु ईजाजतपत्र लिन लाग्ने दस्तुर तिरेर मात्र अद्यावधिक हुनेछ ।

४. **<u>ईजाजतपत्रको लागि दरखास्त दिनुपर्ने</u>**: (१) दफा ३ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने पर्यटन व्यवसायीले ईजाजतपत्रको लागि देहाय बमोजिमका कागजात संलग्न राखी मन्त्रालय समक्ष एकसय रुपैयाँ दरखास्त दस्तुर संलग्न राखी **अनुसूची-१** बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ:

(ख) कम्पनी/फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि (कम्पनीको हकमा),

(ग) फर्मको रुपमा दर्ता भएका ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको हकमा कम्तीमा पाँचलाख रुपैयाँ चालु पूँजी वा चुक्ता पूँजी खुलेको प्रमाणपत्रको प्रतिलिपि,

(घ) कम्पनीको रुपमा दर्ता भएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको लागि कम्तीमा दशलाख रुपैयाँ चालु पूँजी वा चुक्ता पूँजी खुलेको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) प्रोप्राइटर, साझेदारी वा संस्थापक शेयरधनी नेपाली नागरिक भए निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र विदेशी नागरिक भए निजको राहदानी र नेपाल सरकारले जारी गरेको प्रवेशाज्ञा (भिसा) को प्रतिलिपि, व्यवसाय गर्न पाउने नेपाल सरकारको आधिकारिक अनुमतिपत्र, नेपाल सरकारद्वारा प्रदान गरिएको उद्योग वा व्यवसाय गर्ने ईजाजतपत्र र प्रचलित कानून बमोजिमको अन्य कागजात,

(च) प्रोप्राइटर, साझेदारी वा संस्थापक शेयरधनीको फोटो सहितको व्यक्तिगत विवरण,

(छ) कार्यालय आफ्नो भवनमा भए सोको नक्सा, घरजग्गाको तिरो तिरेको रसिद र जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, भाडामा लिने भए घरधनीसँगको सम्झौताको प्रतिलिपि,

(ज) व्यक्ति, फर्म वा कम्पनीको कबुलियतनामा,

(झ) शर्तसम्वन्धी कबुलियतनामा,

(ञ) एकभन्दा बढी प्रोप्राइटर/सञ्चालक भएको अवस्थामा तीमध्ये कुनै एक जनालाई प्रोप्राइटर/शेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपि,

(ट) बैंङ्क ग्यारेन्टी गरेको खुल्ने सक्कलै कागज,

(ठ) स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ड) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(२) ईजाजतपत्रको लागि दरखास्त दिनु अघि ईजाजतको अवधिभर सुरक्षण वापत ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त "क" वर्गको बैंकबाट कम्तीमा पाँचलाख रुपैँयाँ बराबरको बैंक ग्यारेन्टी मन्त्रालयको नाममा राख्नु पर्नेछ ।

५. **<u>ईजाजतपत्र दिने</u>:** (१) दफा ४ बमोजिम ईजाजतपत्रको लागि दरखास्त प्राप्त भएमा मन्त्रालयले त्यस्तो दरखास्त उपर आवश्यक जाँचवुझ गरी पन्ध्र दिनभित्र ईजाजतपत्र प्रदान गर्ने निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय भए पश्चात् पच्चीस हजार रुपैयाँ ईजाजत दस्तुर वैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी **अनुसूची-२** बमोजिमको ढाँचामा मन्त्रालयले ईजाजतपत्र दिनेछ .

(३) यस ऐन वमोजिम प्रदान गरिएको ईजाजतपत्र हराए वा नासिएमा प्रतिलिपि पाउनको लागि पर्यटन व्यवसायीले मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ र दरखास्त मनासिव देखिएमा मन्त्रालयले दुई हजार रुपैयाँ वैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी ईजाजतपत्रको प्रतिलिपि दिनेछ।

(४) उपदफा (३) बमोजिम ईजाजतपत्र प्रदान गर्नका लागि थप विवरण वा कागजपत्र आवश्यक भएमा त्यस्तो विवरण वा कागजपत्र पेश गर्न सम्बन्धित दरखास्तवालालाई मन्त्रालयले आदेश दिन सक्नेछ र दरखास्तवालाले तोकिएको समयमा उक्त विवरण वा कागजात बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको आदेश बमोजिम माग भएको विवरण वा कागजात प्राप्त भएपछि उपदफा (३) बमोजिमको दस्तुर लिई सातदिन भित्र ईजाजतपत्र प्रदान गर्नु पर्नेछ ।

६. **<u>ईजाजतपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त:</u>** ईजाजत प्राप्त व्यक्तिले देहायका शर्त पालना गर्नु पर्नेछः-

(क) प्रदेश सरकारले तोकिदिएको क्षेत्रमा मात्र ट्राभल वा ट्रेकिङ्ग गराउनु पर्ने,

(ख) ट्राभल वा ट्रेकिङ्ग गर्दा ईजाजतपत्र प्राप्त व्यक्तिले सम्वन्धित कामको लागि नियुक्त कामदार मार्फत मात्र सेवा प्रवाह गर्नुपर्ने,

(ग) ट्राभल वा ट्रेकिङ्ग गर्दा वातावरणीय सरसफाई वा फोहोरमैलाको व्यवस्थापनको सम्वन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्ने,

(घ) आफूले पाएको ईजाजतपत्र सहितको अन्य प्रमाणपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राख्नुपर्ने,

(ङ) ट्राभल वा ट्रेकिङ्ग गर्दा प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कुरा पालना गर्नुपर्ने,

(च) पर्यटकसँग जाने कामदारको मान्यता प्राप्त विमा कम्पनीसित विमा गराउनु पर्ने,

(छ) प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने,

(ज) प्रबन्धपत्र तथा नियमावलीमा जुनसुकै उद्देश्य समावेश भएतापनि ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले ईजाजतपत्रमा उल्लेखित काम मात्र गर्नुपर्ने,

(झ) ऐन बमोजिम प्रदेश सरकारले दिएको आदेश निर्देशनको पालना गर्नुपर्ने,

(ञ) आफ्नो सेवा वापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना मन्त्रालयलाई दिनुपर्ने,

(ट) आफ्नो कारोबारको वासलात पेश गर्नुपर्ने,

(ठ) पर्यटन व्यवसायीका लागि बनाएको आचार संहिता पालना गर्नुपर्ने ।

**७.** **<u>ईजाजतपत्रको अवधि र नवीकरणः</u>** (१) ईजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) ईजाजतपत्र नवीकरण गराउन चाहने ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले ईजाजतपत्रको नवीकरणका लागि अवधि समाप्त हुन अगावै एकसय रुपैयाँ दरखास्त दस्तुर सहित **अनुसूची-३** बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गरी नवीकरण गर्न उपयुक्त देखेमा पन्ध्रहजार रुपैयाँ नवीकरण दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी ईजाजतपत्र नवीकरण गर्नेछ ।

(४) ईजाजतपत्रको म्याद समाप्त भएपछि कसैले ईजाजतपत्र नवीकरण गर्न चाहेमा देहाय बमोजिमको थप नवीकरण दस्तुर लाग्नेछः

(क) पहिलो छ महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत,

(ख) खण्ड (क) बमोजिम म्याद समाप्त भएको मितिले पुनः छ महिनासम्म नवीकरण दस्तुरको शत प्रतिशत ।

(५) उपदफा (4) बमोजिमको म्यादभित्र पनि ईजाजतपत्र नवीकरण नगरेमा त्यस्तो ईजाजतपत्र स्वतः रद्द हुनेछ ।

**(६)** ईजाजतपत्र नवीकरणका लागि उपदफा (२) बमोजिम दरखास्त दिंदा ईजाजतपत्र लिंदाका बखत दफा ४ को उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमको चालू वा चूक्ता पूँजी कायम राखी नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त "क" वर्गको बैंकबाट कम्तीमा पाँचलाख रुपैयाँ बराबरको मन्त्रालयको नाममा बैंक ग्यारेन्टी अटुट रहेको कागजात समेत पेश गर्नु पर्नेछ ।

८. **<u>अयोग्यता</u>**: देहायको व्यक्तिलाई दफा ५ बमोजिमको ईजाजतपत्र दिइने छैन ।

पहिलो मस्यौदा

(क) करार सम्बन्धी प्रचलित कानून बमोजिम करार गर्न योग्यता नभएको व्यक्ति,

(ख) साहूको दामासाहीमा परेको व्यक्ति,

(ग) दफा 1२ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको ईजाजतपत्र रद्द भै सो मितिले तीनवर्ष अवधि भुक्तान गरी नसकेको व्यक्ति,

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा सजाय पाई कैद भुक्तान भएको एक वर्षको अवधि ननाघेको व्यक्ति,

(ङ) गम्भिर प्रकृतिको फौजदारी अपराधमा अदालतमा मुद्दा चलिरहेको व्यक्ति,

(च) कालोसूचिमा परेको अवधी तीन वर्ष व्यतीत नगरेको व्यक्ति ।

९. **<u>परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानी गर्नुपर्ने:</u>** यस ऐन बमोजिम ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले पर्यटकलाई सेवा उपलब्ध गराउँदा संघीय सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा ईजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई विदेशी मुद्राको कारोवार गर्ने प्रयोजनका लागि सम्वन्धित निकायलाई मन्त्रालयले सिफारिस गर्न सक्नेछ ।

(२) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले परिवर्त्य विदेशी मुद्रामा विल भुक्तानी गर्दा संघीय सरकारले कानून बनाइ प्रदेश सरकारलाई अधिकार प्रदान गरेमा मन्त्रालयले सोही अनुरुप आवश्यक व्यवस्था गर्नेछ।

१०. **<u>ईजाजतपत्र निलम्बन गर्ने अधिकार:</u>** (१) देहायको अवस्थामा मन्त्रालयले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको ईजाजतपत्र बढीमा ६ महिना अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(क) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको कुनै कुरा उल्लंघन गरेमा, वा

(ख) दफा ८ बमोजिम अयोग्य भएमा, वा

(ग) मन्त्रालयलाई दिनुपर्ने सूचना नदिएमा वा गलत सूचना दिएमा, वा

(घ) प्रचलित कानूनको बर्खिलाप हुने कार्य गरेमा।

(२) उपदफा (१) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सी खोल्ने ईजाजतपत्र निलम्बन गर्नु अगाडि सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

११. **<u>ईजाजतपत्र रद्द गर्न सक्ने</u>**: (१) दफा १० बमोजिम निलम्बन भएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले निलम्बनको अवधि समाप्त भएपछि पून: सोही प्रकृतिको कार्य गरेमा मन्त्रालयले त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको ईजाजतपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले ईजाजतपत्र रद्द गरेमा सम्बन्धित व्यक्तिले रद्द भएको जानकारी पाएको मितिले तीस दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समक्ष उजूरी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको उजूरी उपर मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तीस दिनभित्र निर्णय गर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

१२. **<u>दण्ड सजायः</u>** (१) यस ऐन बमोजिम ईजाजतपत्र नलिई कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी खोलेमा वा सो सम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा मन्त्रालयले त्यस्तो ट्राभल तथा ट्रकिङ्ग एजेन्सी वा सो सम्बन्धी कारोबार बन्द गर्न लगाई निजलाई पचास हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(२) दफा १० बमोजिम ट्राभल वा ट्रेकिङ्ग ऐजिन्सीको ईजाजतपत्र निलम्बन भएको अवस्थामा कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी काम गरेमा मन्त्रालयले निजलाई एकलाख रुपैयाँ जरिवाना गरी त्यस्तो व्यक्ति वा फर्मले पाएको ट्राभल वा ट्रेकिङ एजेन्सीको ईजाजतपत्र समेत रद्द गर्न सक्नेछ ।

(३) दफा ८ बमोजिमको शुल्क सम्बन्धी सूचना प्रकाशित नगर्ने व्यक्तिलाई मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले पहिलो पटक कसूर गरेको भए पचास हजार रुपैयाँ र दोश्रो पटकदेखि पटकैपिच्छे एकलाख रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(४) यस दफा बमोजिमको आदेशमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद -३

## पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारसम्बन्धी व्यवस्था

**१३.** **<u>होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार दर्ता</u>**: (१) कसैले पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार सञ्चालन गर्न चाहेमा यस ऐन बमोजिम दर्ता गरी ईजाजत लिनु पर्नेछ ।

(२) कुनै व्यक्तिले आफ्नो होटल, लज, रेष्टुराँ, रिसोर्ट वा बारलाई पर्यटकस्तरमा दर्ता गराउन चाहेमा एकसय रुपैयाँ दरखास्त दस्तुर संलग्न राखी **अनुसूची-४** बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी मन्त्रालयमा दरखास्त दिनु पर्नेछः

(क) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) व्यवसाय सञ्चालन गर्ने भवनको नक्सा र भवन सम्पन्नताको प्रमाणपत्र,

(ग) सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण,

(घ) शेयर धनी भए शेयर धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण,

(ङ) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि,

(च) घरजग्गा भाडामा लिएको भए घरजग्गा धनीसँग भएको सम्झौताको प्रतिलिपि,

(छ) सम्वन्धित स्थानीय तहमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ज) प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि (कम्पनीको हकमा मात्र),

(झ) पार्किङ्गको सुविधा भएको प्रमाणित गर्ने काजगजात वा पार्किङ्गको लागि जग्गा भाडामा लिने सम्झौता गरिएको भए सम्झौताको कागजात,

(ठ) **अनुसूची-५** बमोजिमको विवरण खुलेको सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,

(ड) वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन,

(ढ) स्थायी लेखा नं. (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

**१४.** **<u>ईजाजतपत्र दिनेः</u>** (१) दफा १३ बमोजिम दरखास्त प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा दफा १५ बमोजिमको ईजाजत दस्तुर बैंकमा बुझाएको सक्कल भौचर पेश भएमा **अनुसूची-६** बमोजिमको ढाँचामा पाँच वर्षका लागि मन्त्रालयले सम्वन्धित व्यवसायीलाई ईजाजतपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको ईजाजतपत्र हराए वा नासिएमा प्रतिलिपि पाउनको लागि होटल व्यवसायीले मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ र बैंकमा दुई हजार रुँपैया दस्तुर जम्मा गरेको सक्कल भौचर प्राप्त भएमा मन्त्रालयले ईजाजतपत्रको प्रतिलिपि दिनेछ।

(३) उपदफा (१) बमोजिम दर्ता गरी ईजाजतपत्र दिन नसकिने भए त्यस्तो आधार र कारण खोली दर्ता गर्न नमिल्ने व्यहोराको लिखित जानकारी सातदिन भित्र सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ ।

१५. **<u>दर्ता दस्तुर</u>**: (१) पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार दर्ता गर्दा देहाय बमोजिमको दस्तुर लाग्नेछः-

(क) साधारण होटल -पन्ध्र हजार रुपैयाँ),

(ख) लज -पन्ध्र हजार रुपैयाँ),

(ग) रेष्टुराँ -पन्ध्र हजार रुपैयाँ),

(घ) रिसोर्ट -पन्ध्र हजार रुपैयाँ),

(ङ) बार -पन्ध्र हजार रुपैयाँ)

(२) व्यवसायीले उपदफा (१) मा उल्लिखित एकभन्दा वढी व्यवसाय समावेश गरी व्यवसाय दर्ता गर्न चाहेमा प्रत्येक व्यवसायको लागि छुट्टाछुट्टै थप दस्तुर बुझाउनु पर्नेछ ।

१६. **<u>ईजाजतपत्रको अद्यावधिक</u>**: (१) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम ईजाजतपत्र लिएका पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार व्यवसायीले एक वर्ष भित्र मन्त्रालयमा ईजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने ईजाजतपत्रको अद्यावधिक कार्य बापतको दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिमको समयावधि भित्र ईजाजतपत्र अद्यावधिक नगरेमा शुरु ईजाजतपत्र लिन लाग्ने दस्तुर तिरी अद्यावधिक गर्नु पर्नेछ ।

**१७.** **<u>ईजाजतपत्रको अवधि र नवीकरणः</u>** (१) ईजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) ईजाजतपत्र नवीकरणका लागि अवधि समाप्त हुन अगावै एक सय रुपैयाँ दरखास्त दस्तुर सहित **अनुसूची-७** बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गरी दफा १५ बमोजिमको दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी ईजाजतपत्र नवीकरण गर्नेछ ।

(४) ईजाजतपत्रको म्याद समाप्त भएपछि कसैले ईजाजतपत्र नवीकरण गर्न चाहेमा देहाय बमोजिमको थप नवीकरण दस्तुर लाग्नेछः

(क) पहिलो छ महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत,

(ख) खण्ड (क) बमोजिम म्याद समाप्त भएको मितिले पुनः छ महिनासम्म नवीकरण दस्तुरको शत प्रतिशत ।

(५) उपदफा (4) बमोजिमको म्यादभित्र पनि कसैले ईजाजतपत्र नवीकरण नगरेमा त्यस्तो ईजाजतपत्र स्वतः रद्द हुनेछ ।

१८. **पर्यटकस्तरको होटलमा हुनुपर्ने सुविधाः** पर्यटकस्तरको साधारण होटलमा न्यूनतम देहाय बमोजिमको सुविधा हुनु पर्नेछः-

(क) सुत्ने कोठा कम्तीमा दशवटा हुनुपर्ने र ती सबैमा प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने,

(ख) कम्तीमा पच्चीस प्रतिशत कोठाको साथमा स्नानागार तथा शौचालय (वाथरुम) संलग्न हुनुपर्ने र अन्य प्रत्येक दुई कोठाको निमित्त एकको हिसावले आधारभूत सामग्री सहितको स्नानागार तथा शौचालय हुनुपर्ने,

(ग) सबै कोठामा आधुनिक फर्निचर र चौविसै घण्टा बिजुलीको राम्रो प्रबन्ध हुनुपर्ने । तर स्थानीय फर्निचरको प्रयोग गरी मौलिक कला र संस्कृतिको पहिचान झल्कने फर्निचर भएमा कुनै फरक नपर्ने,

(घ) सबै कोठा नेपाली तथा सुदूरपश्चिम प्रदेशको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने,

(ङ) स्नानागार र शौचालयमा पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रबन्ध हुनुपर्ने,

(च) स्वागत कक्ष (रिसेप्सन काउन्टर) आकर्षक, मूल्यसूची राखिएको र टेलिफोनयुक्त हुनुपर्ने,

(छ) भोजन गर्ने कोठा (डाइनिङ हल) र भान्छा कोठा अलगअलग र सफा सुग्घर हुनुपर्ने,

(ज) लुगा धुने राम्रो प्रबन्ध हुनुपर्ने,

प्रदेश राजपत्र

(झ) होटल व्यवसायमा अनुभवी र अंग्रेजी भाषा बुझ्न र बोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी हुनुपर्ने,

(ञ) कर्मचारीको पोशाक सफासुग्घर र समान प्रकारको हुनुपर्ने,

(ट) ऋतु अनुसार पंखा वा हिटरको व्यवस्था हुनुपर्ने,

(ठ) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट) को प्रबन्ध हुनुपर्ने,

(ड) पर्याप्त मात्रा इन्टरनेट सुविधा उपलब्ध भएको हुनुपर्ने,

(ढ) पर्याप्त पार्किङ्गको सुविधा भएको हुनुपर्ने।

**१९.** **<u>पर्यटकस्तरको लजमा हुनुपर्ने सुविधाः</u>** पर्यटकस्तरको लजमा न्यूनतम देहाय बमोजिमको सुविधा हुनु पर्नेछः-

(क) सुत्ने कोठा कम्तीमा पाँचवटा हुनुपर्ने र ती सबैमा प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने,

(ख) कम्तीमा पच्चीस प्रतिशत कोठाको साथमा स्नानागार तथा शौचालय (वाथरुम) संलग्न हुनुपर्ने र अन्य प्रत्येक दुई कोठाको निमित्त एकको हिसावले आधारभूत सामग्री सहितको स्नानागार तथा शौचालय हुनुपर्ने,

(ग) सवै कोठामा आधुनिक फर्निचर र चौविसै घण्टा बिजुलीको राम्रो प्रबन्ध हुनुपर्ने । तर स्थानीय फर्निचरको प्रयोग गरी मौलिक कला र संस्कृतिको पहिचान झल्कने फर्निचर भएमा कुनै फरक नपर्ने,

(घ) सबै कोठा नेपाली तथा सुदूरपश्चिम प्रदेशको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने,

(ङ) स्नानागार र शौचालयमा पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रबन्ध हुनुपर्ने,

(च) स्वागत कक्ष (रिसेप्सन काउन्टर) आकर्षक, मूल्यसूची राखिएको र टेलिफोनयुक्त हुनुपर्ने,

(छ) लुगा धुने राम्रो प्रबन्ध हुनुपर्ने,

(ज) अनुभवी र अंग्रेजी भाषा वुझ्न र वोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी हुनुपर्ने,

(झ) कर्मचारीको पोशाक सफा सुग्घर र समान प्रकारको हुनुपर्ने,

(ञ) ऋतु अनुसार पंखा वा हिटरको व्यवस्था हुनुपर्ने,

(ट) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट) को प्रबन्ध हुनुपर्ने,

(ठ) पर्याप्त मात्रामा इन्टरनेट सुविधा उपलब्ध हुनुपर्ने,

(ड) पर्याप्त पार्किङ्गको सुविधा भएको हुनुपर्ने ।

२०. **<u>पर्यटकस्तरको रेष्टुराँ, रिसोर्ट तथा बारमा हुनुपर्ने सुविधाः</u>** पर्यटकस्तरको रेष्टुराँ, रिसोर्ट तथा बारमा न्यूनतम देहाय बमोजिमको सुविधा हुनु पर्नेछः-

(क) परम्परागत नेपाली परिकार सहित अन्य विदेशी खानपिनको व्यवस्था हुनुपर्ने,

(ख) स्वच्छ र स्वस्थकर पिउने पानीको व्यवस्था हुनुपर्ने,

(ग) महिला र पुरुषको छुट्टाछुट्टै शौचालयको प्रबन्ध हुनुपर्ने,

(घ) पर्याप्त पार्किङ्गको व्यवस्था भएको हुनुपर्ने,

(ङ) फर्निचर लगायतका अन्य सामग्री सफासुग्घर हुनुपर्ने,

(च) कर्मचारीको पोशाक सफा सुग्घर र समान प्रकृतिको हुनुपर्ने,

(छ) ऋतु अनुसार पंखा वा हिटरको प्रबन्ध हुनुपर्ने,

(ज) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट) को प्रबन्ध हुनुपर्ने,

(झ) टेलिफोन तथा इन्टरनेटको सुविधा उपलब्ध हुनुपर्ने,

(ञ) भोजन गर्ने कोठा (डाइनिङ हल) तथा भान्छा कोठा अलगअलग र सफा सुग्घर हुनुपर्ने,

(ट) रिसोर्टमा रहेका सबै कोठामा प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने र सबै कोठा नेपाली तथा सुदूरपश्चिम प्रदेशको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने,

(ठ) पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रबन्ध हुनुपर्ने,

(ड) रिसेप्सनमा मूल्यसूची सवैले देख्ने गरी प्रष्ट रुपमा राखिएको हुनुपर्ने,

(ढ) होटल व्यवसायमा अनुभवी र अंग्रेजी भाषा बोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी हुनुपर्ने।

२१. **<u>कामदारलाई दिनुपर्ने पारिश्रमिक दरः</u>** होटल व्यवसायीले होटल, लज, रेष्टुँरा, रिसोर्ट तथा बारमा काम गर्ने कामदारका लागि प्रचलित कानून बमोजिम पारिश्रमिक दिनु पर्नेछ ।

२२. **<u>होटल, लज, रेष्टुँरा, रिसोर्ट तथा बारको विवरण हेरफेर सम्वन्धी ब्यवस्थाः</u>** (१) ईजाजत प्राप्त होटल, लज, रेष्टुँरा, रिसोर्ट तथा बारको साबिकको नाम वा ठेगाना परिवर्तन भएमा परिवर्तन भएको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएमा मन्त्रालयले विवरण परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाउनु पर्नेछ।

२३. **व्यवसाय वन्द गर्नु पर्दा सूचना दिनुपर्नेः** (१) ईजाजत प्राप्त होटल, लज, रेष्टुँरा, रिसोर्ट तथा बारले स्वेच्छाले वा अन्य कुनै कारणले व्यवसाय बन्द गर्नु परेमा कारण खोली त्यस्तो व्यवसाय वन्द गरेको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि ईजाजत प्राप्त होटल, लज, रेष्टुँरा, रिसोर्ट तथा बार बन्द भएको व्यहोरा मन्त्रालयले अभिलेखमा जनाउनु पर्नेछ ।

२४. **मूल्यसूची प्रकाशित गर्नुपर्नेः** (१) यस ऐन बमोजिम ईजाजत लिएका प्रत्येक होटल व्यवसायीले मन्त्रालयमा पठाउने आफ्नो मूल्यसूची नेपाली तथा अंग्रेजी दुबै भाषामा लेखी सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(२) अनुगमन तथा निरिक्षणका क्रममा मूल्यसूची नराखेको पाइएमा राख्न लगाउन निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्देशन पालना नगरेमा मन्त्रालयले ईजाजतपत्र रद्द गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयले ईजाजतपत्र रद्द गर्नु अघि सम्बन्धित होटल व्यवसायीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

२५. **निरीक्षण वा परीक्षण गर्ने अधिकार**: (१) मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले यस ऐन बमोजिम दर्ता भएको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारको नियमित वा आकस्मिक निरीक्षण गर्न गराउन र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र अन्य सुविधा तथा वस्तुसम्बन्धी परीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारको निरीक्षण वा त्यसमा प्रयोग हुने सामान र सुविधा परीक्षण गर्दा यस प्रचलित कानून बमोजिम भएको नपाइएमा मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले ईजाजतपत्र बमोजिमको मापदण्ड पूरा गर्न सूचना दिई म्याद दिनेछ ।

(३) उपदफा (२) बमोजिम म्याद दिँदा पनि मापदण्ड पूरा नगरेमा मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले दर्ता निलम्बन गर्न सक्नेछ । तर त्यसरी निलम्बन गर्नु अगाडि सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निलम्बन भएको होटल, लज, रेटुराँ, रिसोर्ट तथा बारले निलम्बन फुकुवा गरी पाऊँ भनी मन्त्रालय समक्ष निवेदन गरेमा त्यस्तो निवेदन उपर जाँचबुझ गरी मन्त्रालयले तीस दिन भित्र आवश्यक निर्णय गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्ममा साविकमा तोकिएको मापदण्ड पूरा गर्न नसक्ने होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारको हकमा मन्त्रालयले दर्ता रद्द गर्न सक्नेछ । त्यसरी रद्द गरिएको सूचना सम्बन्धित व्यवसायीलाई निर्णय भएको मितिले पन्ध्र दिनभित्र दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ता रद्द गर्ने निर्णय भएमा त्यस्तो निर्णयको जानकारी पाएको पैतीस दिनभित्र दर्ता रद्दको निर्णय चित्त नबुझ्ने व्यवसायीले उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२६. **पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार उपर बन्देज**: (१) यस ऐन बमोजिम दर्ता नभएको पर्यटनस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले देहायको कुनै काम गर्न पाउने छैन ।

(क) पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न, वा

(ख) पर्यटकको बसोबास वा खानपिनको प्रबन्ध गर्नको निमित्त कुनै पर्यटक वा ट्राभल एजेन्सीसँग बिना अनुमति सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न ।

(२) यस ऐन बमोजिम दर्ता भएको होटलले दर्ता भएको व्यवसायको स्तरभन्दा माथिल्लो स्तरको भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनवोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न पाउने छैन ।

२७. **दण्ड सजाय**: (१) यस ऐन बमोजिम दर्ता नगराई पर्यटकस्तरको हो भनी कुनै होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार सञ्चालन गरेमा वा दफा २६ को उपदफा (१) को व्यवस्था उल्लंघन गरेमा पहिलो पटक भए पच्चीस हजार रुपैयाँ, दोस्रो पटक भए पचास हजार रुपैयाँ र तेस्रो पटकदेखि प्रत्येक पटकको लागि एकलाख रुपैयाँ मन्त्रालयले जरिवाना गर्न सक्नेछ ।

(२) दफा २६ को उपदफा (२) उल्लंघन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा मन्त्रालयले त्यस्तो होटलको दर्ता निलम्बन वा रद्द गर्न सक्नेछ ।

(३) यस ऐन बमोजिम मन्त्रालय वा मन्त्रालयले तोकेको कर्मचारीलाई होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार निरीक्षण गर्न वा त्यसमा प्रयोग गरिने खाने पिउने सामानहरुको परीक्षण गर्न कसैले बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले पच्चीस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र उच्च अदालत समक्ष उजुरी दिन सक्नेछ ।

२८. **होमस्टे (घरबास) दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्थाः** व्यक्तिगत वा सामुदायिक रुपमा प्रदेशमा होमस्टे (घरबास) को दर्ता, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था होमस्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद -४

## पथ प्रदर्शक (गाइड) सम्बन्धी व्यवस्था

२९. **पथ प्रदर्शक (गाइड) काम गर्न ईजाजतपत्र लिनुपर्ने**: (१) यो ऐन बमोजिम पथ प्रदर्शक (गाइड) को काम गर्न चाहने व्यक्तिले दरखास्त दस्तुर एकसय रुपैयाँ सहित **अनुसूची-८** बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान वा पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट पथ प्रदर्शकको तालीम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र तीन प्रति फोटो,

(ग) अंग्रेजी बाहेक अन्य भाषा उल्लेख गर्नुपर्ने अवस्थामा सोको प्रमाणपत्रको प्रतिलिपि,

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा मन्त्रालयले त्यस्तो दरखास्त उपर मन्त्रालयले आवश्यक जाँचवुझ गरी दरखास्तवालालाई आवश्यक शर्त समेत तोकी एकहजार रुपैयाँ दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी **अनुसूची- ८** बमोजिमको ढाँचामा पाँच वर्षको लागि ईजाजतपत्र दिनु पर्नेछ ।

३०. **अयोग्यता**: देहायको व्यक्तिलाई पथ प्रदर्शकको ईजाजतपत्र दिइने छैन :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय भुक्तान भएको एक वर्ष समय व्यतित नभएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) यस ऐन बमोजिम पथ प्रदर्शकको ईजाजतपत्र रद्द भई सो मितिले तीन वर्षको अवधि भुक्तान भइनसकेको ।

३१. **ईजाजतपत्रको नवीकरण गर्नेः** (१) पथ प्रदर्शकको ईजाजत प्राप्त व्यक्तिले ईजाजत पत्रको म्याद समाप्त भएको तीन महिना भित्र ईजाजत पत्र नवीकरण गर्न अनुसुची-१० बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचवुझ गरी एकहजार रुपैयाँ नवीकरण दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी पाँच वर्ष अवधिका लागि नवीकरण गरिदिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम ईजाजत पत्र नवीकरण गर्ने म्याद नाघेपछि ईजाजत पत्रको नवीकरण गर्नको लागि दरखास्त दिएमा देहायको अवधिको निमित्त नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लिई कार्यालयले नवीकरण गरिदिन सक्नेछः

(क) ईजाजत पत्रको नवीकरण गर्ने म्याद नाघेको तीनदेखि छ महिनासम्म पाँचसय रुपैयाँ,

(ख) ईजाजत पत्रको नवीकरण गर्ने म्याद नाघेको छमहिना देखि एक वर्षसम्मको लागि एक हजार रुपैयाँ ।

(ग) एक वर्षभन्दा बढी अवधि भुक्तान भएको भए प्रत्येक वर्षका लागि एक हजार रुपैयाँ ।

३२. **पथ प्रदर्शकले पाउने पारिश्रमिकः** पथ प्रदर्शकले पथ प्रदर्शन गराए वापत पाउने पारिश्रमिक प्रचलित कानून बमोजिम हुनेछ ।

**३३.** **<u>ईजाजतपत्र हराएमा अर्को ईजाजतपत्र लिन सकिने</u>**: (१) यस ऐन बमोजिम कनै पथ प्रदर्शकले प्राप्त गरेको ईजाजतपत्र हराएमा वा नासिएमा प्रतिलिपि पाउनको लागि कारण खोली मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त मनासिव देखिएमा मन्त्रालयले पाँचसय रुपैंयाँ बैंकमा जम्मा गर्न लगाइ सोको सक्कल भौचर राखी ईजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ।

**३४.** **<u>पथ प्रदर्शकले गर्न नहुने कामहरु</u>**: पथ प्रदर्शकले देहायको कुनै काम गर्नु हुँदैन :-

(क) आफूले पथ प्रदशक गरेको पर्यटकलाई कुनै मालसामान खरिद गर्ने वा अरु कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित विक्रेता वा अरु कुनै व्यक्तिसँग नगदी वा अरु कुनै चिज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथ प्रदर्शक बनाउन भनी कुनै पर्यटकलाई बाध्य गर्न,

(ग) आफ्नो ईजाजतपत्र अरुलाई दिई पथ प्रदर्शकको काम गर्न लगाउन,

(घ) आफूले पथ प्रदशक गरेको पर्यटक विरुद्ध कुनै षडयन्त्र गर्न, धोका दिन, निजको कानून विपरीत गोपनीयता भंग गर्न ।

**३५.** **<u>ईजाजतपत्र रद्द गर्न सकिने</u>**: (१) देहायको कुनै अवस्थामा मन्त्रालयले कुनै पथ प्रदर्शकको ईजाजतपत्र रद्द गर्न सक्नेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैद सजाय पाएमा,

(ख) दफा ३० बमोजिम अयोग्य भएमा,

(ग) दफा ३४ बमोजिमको कुनै कुरा उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम कुनै पथ प्रदर्शकको ईजाजत रद्द गर्नु अगाडि निजलाई आफ्नो सफाई पेश गर्नको लागि मौका दिनु पर्नेछ ।

**३६.** **<u>दण्ड सजाय</u>**: (१) देहायको कसुर गर्ने व्यक्तिलाई मन्त्रालयले देहाय बमोजिम सजाय गर्न सक्नेछ।

(क) यस ऐन बमोजिम ईजाजतपत्र प्राप्त नगरी पथ प्रदर्शकको काम गरेमा पच्चीस हजार रुपैयाँ जरिवाना गरी निजलाई दुई वर्षसम्म पथ पदर्शकको कार्य गर्न नपाउने गरी प्रतिबन्ध लगाउन सक्नेछ ।

(ख) यस ऐन बमोजिम ईजाजतपत्र नवीकरण नगरी पथ प्रदर्शकको काम चालु राखेमा पच्चीस हजार रुपैयाँ जरिवाना र एक वर्षसम्म पथ प्रदर्शकको कार्य गर्न नपाउने गरी प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) यस दफा बमोजिम मन्त्रालयले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र उच्च अदालत समक्ष उजुर गर्न सक्नेछ ।

**परिच्छेद ५**

**<u>जलयात्रासम्बन्धी व्यवस्था</u>**

**३७. <u>जलयात्राको व्यवसाय गर्न ईजाजतपत्र लिनुपर्ने</u>:** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई जलयात्रा व्यवसाय गर्नु हुँदैन ।

(२) दफा ४० बमोजिमको शर्त पूरा गरेको जलयात्रा व्यवसाय गर्न चाहने व्यक्तिले ईजाजतत्रको लागि एक सय रुपैयाँ दरखास्त दस्तुर सहित **अनुसूची-११** बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(क) फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) कम्पनीको हकमा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ग) सञ्चालकको व्यक्तिगत विवरण र नागरिकताको प्रतिलिपि तथा तीन प्रति फोटो,

(घ) सञ्चालक उपस्थित भै गरेको शर्त सम्बन्धी कागजात र एकभन्दा बढी सञ्चालक भएको अवस्थामा ती मध्ये कुनै एक जना सञ्चालकलाई शेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपि,

(ङ) न्यूनतम सामग्रीको रुपमा दुईवटा जलयात्राका साधन (डुङ्गा), लाइफ ज्याकेट, हेलमेट र अनुमति प्राप्त रिभर गाइड रहेको,

(छ) सम्बन्धित स्थानीय तहको व्यवसाय दर्ता सिफारिस पत्र,

(ज) स्थायी लेखा नं. (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(झ) शेयर धनी भए शेयर धनी संख्या तथा लगत खुलेको विवरण,

(ञ) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बैंकमा कम्तीमा दुईलाख रुपैँयाँ बराबरको मन्त्रालयको नाममा रहेको पाँच वर्ष अवधिको बैंक ग्यारेन्टी,

(ट) कम्पनीको हकमा कम्तीमा दश लाख चुक्ता पूँजी र फर्मको हकमा कम्तीमा पाँच लाख चुक्ता पूँजी भएको प्रमाण,

(ठ) प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन।

**३८. <u>ईजाजतपत्र दिने</u>:** (१) दफा ३७ बमोजिम दरखास्त पेश भएपछि मन्त्रालयले प्रचलित कानूनले तोकेको सुरक्षात्मक उपकरण तथा सामग्रीहरुको गुणस्तर यकीन गरी दशहजार रुपैयाँ दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर संलग्न राखी **अनुसूची-१०** बमोजिमको ढाँचामा ईजाजतपत्र दिनेछ .

(२) यस ऐन वमोजिम प्रदान गरिएको ईजाजतपत्र हराए वा नासिएमा प्रतिलिपि पाउनको लागि जलयात्रा व्यवसायीले मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ र दरखास्त मनासिव देखिएमा मन्त्रालयले एकहजार रुँपैया दस्तुर लिई ईजाजतपत्रको प्रतिलिपि दिनेछ।

(३) यो ऐन प्रारम्भ हुनु अगाडि प्रचलित कानून बमोजिम दर्ता भई यस प्रदेशमा सञ्चालन भई रहेका जलयात्राको व्यवसायीले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र यस ऐन बमोजिम

ईजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने ईजाजतपत्रको अद्यावधिक कार्य बापतको दस्तुर लाग्ने छैन ।

(४) उपदफा (३) बमोजिमको समायवधि भित्र अद्यावधिक नगरेमा सुरु ईजाजत लिन लाग्ने दस्तुर लिई अद्यावधिक गर्नु पर्नेछ ।

३९. **ईजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले पालना गर्नुपर्ने शर्तहरु:** ईजाजत प्राप्त जलयात्रा व्यवसायीले देहायका शर्त पालना गर्नु पर्नेछः

(क) जलयात्रामा जलयात्रीलाई लैजानु अघि जलयात्रामा जाने व्यक्तिको नाम, ठेगानाको अभिलेख राख्ने,

(ख) संघीय सरकार तथा प्रदेश सरकारले जलयात्राको लागि खुला गरिएका नदी बाहेक अन्यत्र रहेका नदीमा पर्यटकलाई जलयात्रा नगराउने,

(ग) जलयात्रा व्यवसाय सञ्चालन सम्बन्धी आचार संहिता पालना गर्नुपर्ने,

(घ) जलयात्रा गर्दा, गराउँदा सम्बन्धित कामको लागि नियुक्त कामदारबाट मात्र सेवा लिनुपर्ने,

(ङ) जलयात्रामा संलग्न हुने कामदारलाई आपसी करार गरेर मात्र काममा लगाउनु पर्ने,

(च) प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने,

(छ) आफूले पाएको ईजाजतपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राख्नुपर्ने,

(ज) जलयात्रा गर्दा, गराउँदा वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रचलित कानूनले तोकेको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने,

(झ) प्रबन्धपत्रमा जलयात्रा व्यवसायीले गर्न पाउने भनी तोकिएको काम मात्र गर्न पाउने,

(ञ) आफ्नो सेवा वापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना मन्त्रालयलाई दिनुपर्ने र त्यस्तो शुल्क दर कार्यालयमा सबैले प्रष्टसँग देख्न, पढ्न र बुझ्न सक्ने गरि राख्नुपर्ने,

(ट) प्रचलित कानून र मन्त्रालयले दिएको निर्देशनको पालना गर्नुपर्ने ।

४०. **ईजाजतपत्रको अवधि र नवीकरणः** (१) ईजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) ईजाजतपत्र नवीकरण गराउन चाहने व्यक्तिले ईजाजतपत्रको अवधि समाप्त हुन अगावै दशहजार रुपैयाँ दस्तुर बैंकमा जम्मा गरी सक्कलै भौचर संलग्न राखी ईजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधि समाप्त भएपछि ईजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले ईजाजतपत्र नवीकरण गर्न आएमा इजाजतपत्रको बहाल अवधि समाप्त भएको मितिले

पहिलो दुई महिनासम्मको लागि नवीकरण दस्तुरको पचास प्रतिशत र त्यसपछि एक महिनासम्मको लागि शत प्रतिशत थप नवीकरण दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी नवीकरण गरिदिनु पर्नेछ ।

**(४)** ईजाजतपत्र नवीकरणका लागि उपदफा (२) बमोजिम दरखास्त दिंदा नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त "क" वर्गको बैंकबाट कम्तीमा दुईलाख रुपैँयाँ बराबरको मन्त्रालयको नाममा अट्ुट रहेको बैंक ग्यारेन्टीको कागजात समेत पेश गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको म्यादभित्र पनि जलयात्रा व्यवसायीले ईजाजतपत्र नवीकरण नगराएमा स्वत रद्द हुनेछ ।

**४१.** **<u>जलयात्रा व्यवसायीको विवरण हेरफेर सम्बन्धी ब्यवस्थाः</u>** (१) ईजाजत प्राप्त जलयात्रा व्यवसायीको साविकको नाम वा ठेगाना परिवर्तन भएमा परिवर्तन भएको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि मन्त्रालयले नाम वा ठेगाना परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाई राख्नु पर्नेछ ।

**४२.** **<u>ईजाजतपत्र रद्द गर्न सक्ने</u>**: (१) जलयात्रा व्यवसायीले यस ऐन विपरीत जलयात्रा गराएमा मन्त्रालयले निजको ईजाजतपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ईजाजतपत्र रद्द गर्नु अघि मन्त्रालयले त्यस्तो जलयात्रा व्यवसायीलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम ईजाजत पत्र रद्द भएको जलयात्रा व्यवसायीले ईजाजतपत्र रद्द भएको मितिबाट दुई वर्षसम्म जलयात्रा सम्बन्धी व्यवसाय गर्न पाउने छैन र निजलाई नयाँ ईजाजतपत्र पनि दिइने छैन ।

**४३.** **<u>सुरक्षा सम्बन्धी व्यवस्था</u>**: (१) जलयात्रा व्यवसायीले जलयात्रामा जाने पर्यटक तथा नेपाली कामदारलाई जीवन सुरक्षा ज्याकेट (लाईफ ज्याकेट), हेल्मेट जस्ता सुरक्षात्मक सामग्रीहरु उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षात्मक सामग्री व्यवस्था नगरेको कारणबाट जलयात्रामा जाने व्यक्तिलाई कुनै किसिमको चोटपटक लागेमा वा निजको मृत्यु भएमा सम्बन्धित जलयात्रा व्यवसायीले त्यस्तो व्यक्तिलाई देहायको क्षतिपूर्ति तिर्नु पर्नेछ :-

(क) चोटपटक लागेमा त्यस्तो चोटपटकको प्रकृति हेरी दुईलाख रुपैंयाँसम्म,

(ख) मृत्यु भएमा दशलाख रुपैंयाँसम्म ।

(३) जलयात्राको सिलसिलामा कुनै दुर्घटना भएमा त्यस्तो दुर्घटनाको प्राथमिक खोज तथा उद्धार सम्बन्धी कार्य र जलयात्रा व्यवसायीको मृत्यु भएको शवको व्यवस्थापन सम्बन्धित जलयात्रा व्यवसायीले गर्नु पर्नेछ ।

४४. **दण्ड सजायः** (१) यस ऐन बमोजिम ईजाजतपत्र नलिई वा यस ऐन विपरीत कसैले जलयात्रा व्यवसाय गरेमा वा जलयात्रा सम्बन्धी काम गरेमा मन्त्रालयले त्यस्तो जलयात्रा गराउने व्यक्ति वा व्यवसायीको कारोबार र काम बन्द गर्न लगाई एक लाखसम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सजायमा चित्त नबुझ्ने व्यक्ति वा कम्पनीले पैंतीस दिनभित्र उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

४५. **जलयात्रासम्बन्धी अन्य व्यवस्था**: जलयात्रा तथा रिभर गाइड सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

४६. **अन्य पर्यटन व्यवसायसम्बन्धी व्यवस्था**: ग्लाइडिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, स्काइड, केबुलकार, रक क्लाइम्बिङ, क्यानोइङ, धार्मिक पर्यटन लगायत अन्य पर्यटन व्यवसायको दर्ता, नवीकरण, सञ्चालन, व्यवस्थापन, निलम्बन, खारेजी, जरिवाना लगायतका अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद– ६

## प्रदेश पर्यटन बोर्डको स्थापना र व्यवस्था

४७. **बोर्डको स्थापनाः** (१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रदेशलाई एक आकर्षक पर्यटकस्थलको रूपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धन गर्नको लागि प्रदेश मन्त्रालयको सुपरीवेक्षणमा रहने गरी प्रदेश पर्यटन बोर्डको नामबाट एउटा बोर्डको स्थापना गरिएको छ ।

(२) बोर्डको केन्द्रीय कार्यालय प्रदेश राजधानी रहेको स्थानमा रहनेछ ।

४८. **बोर्ड स्वशासित संस्था हुनेः** (१) बोर्ड अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) बोर्डको सबै काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) बोर्डले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

४९. **बोर्डको उद्देश्यः** बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रदेशलाई एक आकर्षक पर्यटकस्थलको रूपमा विकसित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने,

(ख) प्रदेशको प्राकृतिक तथा साँस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र सम्वर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्ने,

(ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनद्वारा राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा



मस्यौदा

आर्जनमा अभिवृद्धि गरी बढी भन्दा बढी रोजगारीका अवसरहरूको सृजना गर्ने,

(घ) प्रदेशलाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटकस्थलको रूपमा विकसित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन समुदायमा नेपालको छविलाई उच्च एवं मर्यादित ढंगबाट स्थापित गर्ने,

(ङ) पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्ने पर्यटन व्यवसायमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने गराउने,

(च) पर्यटन व्यवसायको विकासको लागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने ।

५०. **<u>बोर्डको काम, कर्तव्य र अधिकारः</u>** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पर्यटन व्यवसायसँग सम्बन्धित कुनै पनि कारोबार गर्नको निमित्त प्रदेश सरकारको वा प्रदेश सरकारको स्वीकृति लिई कुनै व्यक्ति, संस्था वा निकायको प्रतिनिधिको हैसियतले कार्य गर्ने,

(ख) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटकस्थलहरूको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) पर्यटकहरूका लागि सुविधा वृद्धि गर्ने कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भै प्रदेशलाई एक आकर्षक पर्यटकस्थलको रूपमा विकसित गर्ने,

(घ) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूको क्रियाकलापहरूमा समन्वय कायम गर्ने,

(ङ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने,

(च) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्नको लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरूमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने,

(छ) पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरूलाई देशको धार्मिक र सांस्कृतिक महत्वका स्थलहरू, उच्च हिम श्रृंखलाहरू तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने।

(ज) प्रदेशलाई एक साहसिक तथा आकर्षक पर्यटन केन्द्रको रूपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायुमा आधारित मनोरञ्जनपूर्ण तथा साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई मौलिक संस्कृति र परम्परामा प्रतिकूल असर नपर्ने गरी

प्रदेशका विभिन्न भागहरूमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने,

(झ) अन्तर्राष्ट्रिय सभा-सम्मेलन, व्यापार मेला, साँस्कृतिक तथा युवा महोत्सव, खेलकुद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रवर्द्धनात्मक पर्यटकीय उत्पादनसँग सम्बन्धित क्रियाकलापहरू आफैले सञ्चालन गर्ने र निजी क्षेत्रलाई समेत त्यस्ता क्रियाकलापहरू सञ्चालन गर्न प्रोत्साहित गर्ने,

(ञ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ मन्दिर, गुम्बाहरूको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरूमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने,

(ट) पर्यटन पूर्वाधार तथा सुविधाहरूको सुदृढीकरण गर्दै ग्रामीण पर्यटकस्थलहरूको विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई उत्प्रेरित गर्ने,

(ठ) नयाँ पर्यटकस्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्ने, गराउने,

(ड) धार्मिक तीर्थस्थलहरूको संरक्षण तथा सम्वर्द्धन गरी धार्मिक पर्यटनको विकास गर्नको लागि धार्मिक तथा साँस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आकर्षित हुने गरी सुविधाहरू विस्तार गर्नुका साथै यस्ता स्थलहरूलाई अन्तर्राष्ट्रिय धार्मिक केन्द्रको रूपमा विकसित गर्ने, गराउने,

(ढ) पर्यटन जनचेतनाको लागि विभिन्न तहमा प्रचारप्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ण) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई स्तरीय बनाई पर्यटकहरूको सुरक्षाका लागि समेत विशेष व्यवस्था गर्ने,

(त) पर्यटन सेवा र सुविधाहरूको गुणस्तर वृद्धि गर्नको लागि पर्यटन व्यवसायीहरूलाई आ-आफ्ना व्यावसायिक संघहरू मार्फत् आचार संहिता लागू गराउने,

(थ) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरूलाई प्राविधिक ज्ञान, प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्न आवश्यक तालिम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पुर्‍याउने,

(द) पर्यटन व्यवसायको विकास गर्नको लागि प्रदेश सरकार र प्रदेश सरकारबाट गठित पर्यटन परिषद्लाई समय समयमा आवश्यक सुझाव तथा परामर्श दिने,

(ध) पर्यटन व्यवसायसँग सम्बन्धित निकायहरूले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्तो गुणात्मक सेवा प्रदान नगर्ने निकायहरूलाई प्रचलित कानून बमोजिम कारवाही चलाउनको निमित्त प्रदेश सरकारलाई अनुरोध गर्ने,

पहिलो मस्यौदा

(न) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसँग सम्बन्धित विषयहरूका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने,

(प) पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार गर्नको लागि प्रदेश सरकार तथा अन्य सरकारी स्वामित्व भएको संस्था वा गैर सरकारी संस्थाबाट प्राप्त भएको रकम सोही कार्य गर्नको निमित्त खर्च गर्ने,

(फ) आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटनको विकासमा सहयोग पुर्‍याउने,

(ब) बोर्डको उद्देश्य पूर्तिको लागि प्रदेश सरकार मार्फत नेपाल सरकारसँग स्वीकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग सम्झौता गर्ने,

(भ) बोर्डको वार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट तर्जुमा गरी प्रदेश सरकार समक्ष पेश गर्ने,

(म) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने, गराउने ।

**५१. <u>बोर्डले आवश्यक सेवा शुल्क लिन सक्नेः</u>** बोर्डले पर्यटक तथा पर्यटन व्यवसायहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा वापत प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशन गरी तोकिएको सेवा शुल्क लिन सक्नेछ।

**५२. <u>बोर्डले आर्थिक स्रोत जुटाउन सक्नेः</u>** (१) बोर्डले आफ्नो कार्यक्रम सञ्चालन गर्नको निमित्त नेपाल सरकार, सरकारी स्वामित्व भएको संस्था, गैरसरकारी संस्था, विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था वा निकायबाट ऋण, अनुदान, दान दातव्य वा उपहार लगायत आवश्यक आर्थिक स्रोत जुटाउन सक्नेछ ।

तर, अन्तर्राष्ट्रिय संघ, संस्था वा निकायबाट ऋण, अनुदान, दान दातव्य वा उपहार जस्ता कुराहरु लिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**५३. <u>समितिको गठनM</u>** (१) बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न, गराउन र बोर्डको सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – अध्यक्ष

(ख) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय – सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य

(घ) पर्यटन प्रवर्द्धन गर्ने कार्यमा संलग्न रहेका पर्यटन व्यवसायी, पर्यटन तथा प्राकृतिक एवं सांस्कृतिक सम्पदासँग सम्बन्धित विशेषज्ञहरू मध्येबाट प्रदेश सरकारले मनोनित गरेको कम्तीमा १ जना महिला सहित ३ जना – सदस्य

(ङ) कार्यकारी प्रमुख – सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुनः एक पटकको लागि मनोनित हुन सक्नेछन् ।

(४) उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरूको नियुक्ति मन्त्रालयबाट हुनेछ ।

(५) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विशेषज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

**५४.** <u>**समितिको बैठक र निर्णयः**</u> (१) समितिको बैठक कम्तीमा वर्षको दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।तर अध्यक्षले चाहेमा सो भन्दा अगावै पनि समितिको बैठक बोलाउन सक्नेछ ।

(२) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची बैठक बस्नु भन्दा २४ घण्टा अगावै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्य मध्येका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५५.** <u>**समितिको काम, कर्तव्य र अधिकारः**</u> (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही बोर्डले गर्नुपर्ने सम्पूर्ण काम कारवाहीहरू गर्नु तथा बोर्डलाई प्राप्त सम्पूर्ण अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्यको अतिरिक्त बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्नु समितिको कर्तव्य हुनेछ ।

**५५.** <u>**उपसमिति गठन गर्न सक्नेः**</u> (१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरूको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्याविधि समितिले तोके बमोजिम हुनेछ ।

पहिलो मस्यौदा

**५६. <u>कार्यकारी अधिकृतको नियुक्तिः</u>** (१) बोर्डको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि एकजना कार्यकारी अधिकृत रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रशासकीय प्रमुखको रुपमा मन्त्रालयको मन्त्रालयको औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा प्रमुखले कार्यकारी अधिकृतको रुपमा काम गर्नेछ ।

**५७. <u>कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः</u>** (१) कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने<

(ख) बोर्डको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा वजेट तयार गर्ने, गर्न लगाउने,

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने,

(घ) बोर्डलाई आवश्यक कर्मचारीहरू तोकिए बमोजिम नियुक्त गर्ने।

(ङ) अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने।

(च) समिति प्रति उत्तरदायी भई काम गर्ने।

(छ) बोर्डको प्रशासकीय प्रमुखको हैसियतले बोर्डको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरू गर्ने।

**५८. <u>बोर्डको कोषः</u>** (१) बोर्डको आफ्नो कार्यक्रम सञ्चालन गर्नको निमित्त एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः–

(क) नेपाल पर्यटन बोर्डले प्रदेश पर्यटन बोर्डलाई प्रदान गरेको रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सरकारी स्वामित्व भएको संस्थाबाट प्राप्त अनुदान तथा अन्य रकम।

(ग) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण,

(घ) स्वदेशी तथा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त ऋण, अनुदान, दान दातव्य वा उपहार।

(ङ) पर्यटन व्यवसायमा संलग्न रहेका संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग अनुदान वा उपहार।

(च) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसँग सम्बन्धित विषयहरूका सम्बन्धमा प्रदान गरेको सेवा तथा परामर्श वापत प्राप्त गरेको सेवा शुल्क।

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

पहिलो मस्यौदा

(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, ऋण, दान, दातव्य वा उपहार लिनु अगावै बोर्डले प्रदेश सरकार मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) बोर्डको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५९. <u>लेखा र लेखापरीक्षणः</u>** (१) बोर्डको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) बोर्डको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) प्रदेश सरकार वा मन्त्रालयले समितिको आयव्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

**६०. <u>बोर्डको सिफारिस वा सल्लाह लिन सक्नेः</u>** कसैले पर्यटन व्यवसायसँग सम्बन्धित कुनै व्यवसाय सञ्चालन गर्ने अनुमतिको निमित्त सम्बन्धित निकायमा निवेदन गरेमा त्यस्तो निकायले अनुमति प्रदान गर्नु अगावै बोर्डको सिफारिस वा सल्लाह लिन सक्नेछ।

**६१. <u>वार्षिक प्रतिवेदनः</u>** (१) कार्यकारी अधिकृतले बोर्डको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ र यस्तो प्रतिवेदनको एकप्रति मन्त्रालयमा समेत पेश गर्नु पर्नेछ।

(२) कार्यकारी अधिकृतले उपदफा (१) मा उल्लेख भए बमोजिमको बोर्डको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

**६२. <u>अधिकार प्रत्यायोजनः</u>** (१) समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार कुनै सदस्य, उपसमिति वा कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी अधिकृतले आफूलाई प्राप्त अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**६३. <u>बैठक भत्ताः</u>** समितिका अध्यक्ष तथा सदस्यले समितिको बैठकमा भाग लिएवापत प्रचलित कानून बमोजिम बैठक भत्ता लिन सक्नेछन् ।

**६४. <u>निर्देशन दिन सक्नेः</u>** प्रदेश सरकार वा मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**६५. <u>प्रदेश सरकारसँग सम्पर्कः</u>** समितिले संघीय सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

## परिच्छेद - ६

## विविध

६६. **पर्यटकले ल्याएको मालसामानहरुको खरीद विक्रीमा प्रतिवन्ध लगाउन सक्ने**: (१) प्रदेश सरकारले सूचना प्रकाशित गरी तोकिदिएको मालसामान कुनै पर्यटकले प्रदेशभित्र ल्याई यस प्रदेशमा विक्री वा दानदातव्य गरी वा अरु कुनै प्रकारवाट हक छाडी दिन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश विपरीत कुनै मालसामान लिएदिएमा लिनेबाट सम्बन्धित मालसामान जफत गरी दिनेलाई विगो बमोजिमको मन्त्रालयले जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

६७. **पर्यटकीय क्षेत्रको घोषणा सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले प्रदेशभित्र कुनै पनि स्थानीय तहको कुनै पनि स्थान वा एक भन्दा बढी स्थानीय तहको खास क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरेको क्षेत्रको प्रवर्द्धन, विकास र व्यवस्थापन गर्न मन्त्रालयले समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य, र अधिकार र त्यस्ता समितिको क्षमता लगायतका विषय तोकिए बमोजिम हुनेछ ।

६८. **नवीकरण सम्बन्धी विशेष व्यवस्था** : (१) प्रचलित कानून बमोजिम दर्ता भई यो ऐन प्रारम्भ हुनु अघि कुनै कारणबस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, पर्यटकस्तरीय होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार, जलयात्रा व्यवसायी भएमा जतिसुकै अवधि व्यतित भएको भएतापनि एक पटकका लागि मात्र यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र नवीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ईजाजतपत्र नवीकरणका लागि मन्त्रालयले सम्बन्धित व्यवसायको लागि यस ऐन बमोजिम शुरु ईजाजतपत्र लिंदा लाग्ने दस्तुरको दोब्बर दस्तुर शुल्क लिई नवीकरण गर्नु पर्नेछ ।

६९. **सवारी साधनमा भन्सार सुविधाको लागि सिफारिस गर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएका ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, पर्यटकस्तरीय होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार, जलयात्रा, पर्यटकस्तरका होटल व्यवसायीले पाहुनालाई सुविधा पुऱ्याउने उद्देश्यले भन्सार सुविधामा प्रचलिका कानून बमोजिम सवारी साधन आयात गर्नका लागि सिफारिस प्राप्त गर्न चाहेमा दरखास्त दस्तुर बापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त दरखास्त प्राप्त भएमा देहायका मापदण्ड पुरा गरेका व्यवसायीलाई सिफारिस दस्तुर बपत एकहजार रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचार राखी मन्त्रालयले सम्वन्धित निकायमा सवारी साधनमा भन्सार सुविधाका लागि सिफारिस गर्नेछ ।

(क) ईजाजत लिएको दुई वर्ष भुक्तान भएको हुनुपर्ने,

(ख) उजुरी परी कारवाहीमा नपरेको हुनुपर्ने,

(ग) तीन आर्थिक वर्षमा आर्जन गरेको विदेशी मुद्राको कुल अंकको पचास प्रतिशतले हुन आउने रकम बराबरले आर्थिक ऐन बमोजिम सवारी साधन भन्सार सुविधामा आयात गर्न सक्नेछ,

(घ) यस अघि भन्सार सुविधामा सवारी साधन झिकाएको भए आर्थिक ऐनले तोके बमोजिमको अवधि व्यतित भैसकेको हुनु पर्नेछ,

(ङ) भन्सार सुविधामा झिकाइएको सवारी साधनको बाहिर पट्टि सम्वन्धित होटल व्यवसायीको नाम लेखिएको हुनु पर्नेछ,

(च) उक्त सवारी साधन प्रचलित आर्थिक ऐनले तोकेको अवधिसम्म निजी सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न पाइने छैन ।

**७०.** **<u>पर्यटक सवारी साधनको नम्बर प्लेट परिवर्तन गर्न सिफारिस गर्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता भई मापदण्ड पूरा गरेका ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, पर्यटकस्तरका होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार व्यवसायीले आफ्नो नाममा भएका सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न चाहेमा दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त दरखास्तका आधारमा मन्त्रालयले होटल व्यवसायीको नाममा भएको सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न उपयुक्त देखेमा सिफारिस दस्तुर बपत एकहजार रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी मन्त्रालयले सम्वन्धित निकायमा सिफारिस गर्नेछ ।

**७०.** **<u>वाकीटकी वा अन्य रेडियो यन्त्रको सिफारिस गर्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता भएका ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, पर्यटकस्तरका होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार व्यवसायीले व्यवसाय सञ्चालन गर्न ईजाजत लिएमा होटल व्यवसायीले आफ्नो आन्तरिक प्रयोजनको लागि वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोग गर्नका लागि लाइसेन्स प्राप्त गर्न सम्वन्धित निकायमा सिफारिस प्राप्त गर्न एक सय रुपैयाँ दरखास्त दस्तुर सहित मन्त्रालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि मन्त्रालयले जाँचबुझ गरी उपयुक्त देखेमा वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोग गर्नको लागि एक हजार रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सम्वन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

**७१.** **<u>पर्यटक प्रहरी व्यवस्थापन सम्बन्धी व्यवस्था</u>** : (१) पर्यटकीय क्षेत्र र स्वदेशी तथा विदेशी पर्यटकको सुरक्षा सम्बन्धी कार्य गर्न प्रदेश सरकारले पर्यटक प्रहरीको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्यटक प्रहरीको नियुक्ति, सेवा, सुविधा, परिचालन र व्यवस्थापन सम्बन्धी कार्य तोकिए बमोजिम हुनेछ ।

**७२.** **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>** : (१) यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार मन्त्रालयले मातहतको कुनै कार्यालय वा अधिकारी वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७३.** **<u>अनुसूची हेरफेर गर्न सक्ने</u>**: (१) यस ऐन कार्यान्वयनको क्रममा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची हेरफेर गर्न सक्नेछ ।

**७४.** **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र पर्यटन सम्बन्धी अन्य विषयमा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

७५. **<u>नियम बनाउने अधिकार</u>**: (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ।

(२) यो ऐन कार्यान्वयनको सिलसिलामा उपदफा (१) को प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**७६.** **ब<u>चाउ</u>:** यो ऐन बन्नु पूर्व पर्यटन ऐन, २०३५ बमोजिम भए गरेका कामहरु यसै ऐन अनुसार भए गरेको मानिनेछ।

पहिलो मस्यौदा

## अनुसूची-१

**(दफा ४ को उपदफा (१) सँग सम्वन्धित)**

<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको ईजाजतपत्रको लागि दिइने दरखास्त</u>

श्री ...................................,

........................................ ।

ट्राभल/ट्रेकिङ्ग एजेन्सीको काम गर्न इच्छा भएकोले देहायका विवरण खुलाई यो दरखास्त गरेको छु।

१. प्रस्तावित ट्राभल/ट्रेकिङ्ग एजेन्सीको:-

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

| क्र.सं. | नाम | उमेर | ठेगाना | शेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. ट्राभल/ट्रेकिङ्ग एजेन्सीमा लगानी गरेको पूँजी:-

(क) अधिकृत पूँजीः

(ख) जारी पूँजीः

(ग) चुक्ता पूँजीः

(घ) स्थिर पूँजीः

(ङ) चालू पूँजीः

३. ट्राभल/ट्रेकिङ्ग एजेन्सीको शाखा कार्यालय खोल्ने भएमा:-

(क) संख्याः

(ख) नेपाल राज्यभित्रः

(ग) नेपाल राज्य बाहिरः

४. आगामी तीन वर्षमा सेवा पुर्‍याउने अनुमानित पर्यटक संख्या तथा विदेशी मुद्रा आर्जन सम्बन्धी विवरण:-

| वर्ष | पर्यटकको संख्या | विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख देशहरु |
|---|---|---|---|

पहिलो मस्यौदा

| | | | |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |

५. प्रस्तावित जनशक्तिको विवरणः-

| संख्या | टिकेटिङ्ग अफिसर | ट्राभल/ट्रेकिङ्ग अफिसर | प्रशासनिक कर्मचारी | लेखाको कर्मचारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

६. सवारी साधनको प्रस्तावित व्यवस्थाः-

| सवारी साधन | संख्या | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| बस | | | |
| मिनिबस | | | |
| माइक्रोबस | | | |
| जीप | | | |
| कार | | | |
| अन्य | | | |

७. विदेशी ट्राभल वा ट्रेकिङ्ग वा अन्य त्यस्तै प्रकृतिका एजेन्सीहरुसँग सम्बद्ध कायम गरिने भएमा त्यसको:-

नामः फ्याक्सः

ठेगानाः इन्टरनेटः

टेलिफोनः इमेलः

पहिलो मस्यौदा

८.	अन्य कुनै कुरा भएः .....................................................

९.	संलग्न कागजात:-

(१)

(२)

(३)

माथी लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको,-

सहीः

नामः

पूरा ठेगानाः

मितिः

पहिलो मस्यौदा

**अनुसूची-२**

**(दफा ५ को उपदफा (२) सँग सम्वन्धित)**

ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको ईजाजतपत्र

ईजाजतपत्र संख्या .........................

श्री ..................................................,

............................................. ।

तपाईलाई सुदूरपश्चिम पर्यटन ऐन, २०७७ को दफा ५ को उपदफा (२) बमोजिम ट्राभल/ट्रेकिङ्ग एजेन्सीको काम गर्न यो ईजाजतपत्र दिइएको छ ।

१. ईजाजतपत्र प्राप्त व्यक्तिको:-

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक शेयर धनी/ प्रोप्राइटरको नाम र विवरणः

२. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको:-

(क) नामः

(ख) मुख्य कार्यालय रहने ठेगानाः

(ग) शाखा कार्यालय रहने ठेगानाः

३. ईजाजतपत्रको अवधि:-

**कार्यालयको छाप**

ईजाजतपत्र दिने अधिकारीको,-

सहीः

नामः

पदः

कार्यालयः

मितिः

पहिलो मस्यौदा

<u>नवीकरणको विवरण</u>

| ईजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

पहिलो मस्यौदा

**अनुसूची-३**

**(दफा ७ को उपदफा (२) सँग सम्वन्धित)**

ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको नवीकरणका लागि दिइने दरखास्तको ढाँचा

श्री ...................................................,

............................................... ।

मैले/हामीहरुले सञ्चालन गरिरहेको ....................................... लाई नवीकरण गर्नको निमित्त सुदूरपश्चिम प्रदेश पर्यटन विकास ऐन, २०७७ को दफा ८ को उपदफा (२) बमोजिम दरखास्त दस्तूर र आवश्यक कागजातहरु यसैसाथ संलग्न राखी निवेदन गर्दछु/गर्दछौं ।

सुदूरपश्चिम प्रदेश पर्यटन विकास ऐन, २०७७ को अधिनमा रही आफ्नो कारोबार सञ्चालन गर्नेछु/गर्नेछौं ।

निवेदक

निवेदकको नामः

ठेगानाः

मितिः

पहिलो मस्यौदा

**अनुसूची-४**

**(दफा १५ को उपदफा (२) सँग सम्वन्धित)**

<u>पर्यटकस्तरीय होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बारको दर्ताका लागि दिइने दरखास्तको ढाँचा</u>

श्री ..................................................,

..............................................। 

मैले/ हामीहरुले सञ्चालन गरिरहेको .............................................. लाई सुदूरपश्चिम प्रदेश पर्यटन विकास ऐन २०७७ को दफा १५ को उपदफा (२) बमोजिम पर्यटकस्तरको होटल तथा लज/रेष्टुँरा, रिसोर्ट तथा बार/पार्टी प्यालेसको रुपमा स्तर वर्गीकरण गरी पाउनको निमित्त दरखास्त दस्तूर वापतको रकम र आवश्यक कागजातहरु यसैसाथ राखी निवेदन गर्दछु/ गर्दछौं ।

सुदूरपश्चिम प्रदेश पर्यटन विकास ऐन २०७७ को अधिनमा रही आफ्नो कारोबार सञ्चालन गर्नेछु/गर्नेछौं ।

निवेदक

निवेदकको नामः

ठेगानाः

मितिः

पहिलो मस्यौदा

**अनुसूची-५**

**(दफा १५ को उपदफा (२) को खण्ड (छ) सँग सम्वन्धित)**

स्थानीय तहले सिफारिस गर्दा खुलाउनु पर्ने विवरण

(क) व्यवसाय गर्न लागिएको स्थान,

(ख) जग्गाको क्षेत्रफल र चारकिल्ला,

(ग) भवन निर्माण सम्वन्धी विवरण (भौतिक बनावट, कोठाको संख्या, साइज, स्नानघर र शौचालयको व्यवस्था सम्वन्धी),

(घ) भौतिक पूर्वाधार (खानेपानी, ढल, बत्ती, बाटो) को विवरण,

(ङ) ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका वस्तुलाई असर पार्ने, नपार्ने

(च) वातावरण सम्वन्धी विवरण,

(छ) वरिपरिको दृष्य, उपयुक्तता र स्तरीयता जस्ता अन्य आवश्यक कुरा ।

पहिलो मस्यौदा

**अनुसूची-६**

**(दफा १५ को उपदफा (१) सँग सम्वन्धित)**

<u>पर्यटस्तरीय होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बारको प्रमाणपत्रको ढाँचा</u>

ईजाजतपत्र संख्या

श्री ..................................................,

.............................................. ।

तपाईलाई ........................................................ सञ्चालन गर्न सुदूरपश्चिम प्रदेश पर्यटन विकास ऐन २०७७ को दफा १५ को उपदफा (१) बमोजिम यो ईजाजतपत्र दिइएको छ ।

१. ईजाजतपत्र प्राप्त व्यक्तिको:-

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

**<u>कार्यालयको छाप</u>**

ईजाजतपत्र दिने अधिकारीको:-

सहीः

नामः

पदः

कार्यालयः

मितिः

<u>नवीकरणको विवरण</u>

| ईजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखी | सम्म | | | |
| | | | | |

पहिलो मस्यौदा

नोटः प्रबन्धपत्रमा उल्लेखित कार्य मात्र गर्नु पर्नेछ।

पहिलो मस्यौदा

**अनुसूची-७**

**(दफा १८ को उपदफा (२) सँग सम्वन्धित)**

<u>पर्यटस्तरीय होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बारको नवीकरणका लागि दिइने</u>

<u>दरखास्तको ढाँचा</u>

श्री ..................................................,

.............................................. ।

मैले/हामीहरुले सञ्चालन गरिरहेको ....................................... लाई पर्यटन विकास ऐन २०७७ को दफा १८ को उपदफा (२) बमोजिम नवीकरण गर्नको निमित्त दरखास्त दस्तूर बापत एकसय रुपैंयाँ र आवश्यक कागजातअरु यसैसाथ संलग्न राखी निवेदन गर्दछु/गर्दछौं ।

पर्यटन विकास ऐन, २०७७ को अधिनमा रही आफ्नो कारोबार सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/गर्दछौं ।

निवेदक-

निवेदकको नामः

ठेगानाः

मितिः

पहिलो मस्यौदा

**अनुसूची-८**

**(दफा ३४ को उपदफा (१) सँग सम्वन्धित)**

दरखास्तको ढाँचा

श्री ...................................................,

.............................................. ।

म÷हामीलाई पथ प्रदर्शकको काम गर्ने इच्छा भएकोले ईजाजतपत्र पाउनका निमित्त दरखास्त दस्तुर एकसय रुपैंयाँ यसैसाथ राखी सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ दफा ३४ को उपदफा (१) बमोजिमका निम्न आवश्यक कागजातहरु यसैसाथ राखी निवेदन गरेको छु । ईजाजतपत्र पाएमा प्रचलित कानूनको अधीनमा रही पथ प्रदर्शक सम्बन्धी काम गर्नेछु ।

१= निवेदकको नाम :–

२. ठेगाना :–

(क) स्थायी :–

(ख) अस्थायी :–

३. शैक्षिक योग्यता र तालिम :–

४= उमेर:–

५= अनुभव:–

मिति : निवेदक

पहिलो मस्यौदा

**अनुसूची-९**

**(दफा ३४ को उपदफा (२) सँग सम्वन्धित)**

<u>पथप्रदर्शकको ईजाजतपत्र</u>

ईजाजतपत्र संख्या ........................

१. पथप्रदर्शकको पूरा नाम :-

२. ठेगाना:-

(क) अस्थायी:-

(ख) स्थायी:-

३. पारिश्रमिकको विवरण :-

(क)

(ख)

४. पथप्रदर्शक गर्ने भाषा :-

५. ईजाजतपत्रको म्याद.................. देखि ................. सम्म श्री ................. लाई सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ दफा ३४ को उपदफा (२) बमोजिम प्रथप्रदर्कको काम गर्न यो ईजाजतपत्र दिइएको छ ।

**<u>कार्यालयको छाप</u>**

ईजाजतपत्र दिने अधिकारीको

सहीः

नामः

पदः

कार्यालयः

मितिः

<u>नवीकरणको विवरण</u>

| ईजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

पहिलो मस्यौदा

पहिलो मस्यौदा

**अनुसूची-११**

**(दफा ३६ को उपदफा (१) सँग सम्वन्धित)**

पथप्रर्दशकको ईजाजतपत्र नवीकरणका लागि दिइने दरखास्तको ढाँचा

श्री ..................................................,

.............................................. ।

मैले/हामीहरुले सञ्चालन गरिरहेको ...................................... लाई सुदूरपश्चिम प्रदेश पर्यटन विकास ऐन, २०७७ को दफा ३६ को उपदफा (१) बमोजिम नवीकरण गर्नको निमित्त दरखास्त दस्तूर बापत एकसय रुपैयाँ दस्तुर र आवश्यक कागजातहरु यसैसाथ संलग्न राखी निवेदन गर्दछु/गर्दछौं ।

सुदूरपश्चिम प्रदेश पर्यटन विकास ऐन, २०७७ को अधिनमा रही आफ्नो कारोबार सञ्चालन गर्नेछु/गर्नेछौं ।

निवेदक

निवेदकको नामः

ठेगानाः

मितिः

पहिलो मस्यौदा

## अनुसूची-११

### (दफा ४३ को उपदफा (१) सँग सम्वन्धित)

<u>जलयात्रा व्यवसायको लागि ईजाजतपत्रको लागि दिइने दरखास्त</u>

श्री .................................,

...................................... ।

जलयात्रा व्यवसाय सञ्चालन गर्न देहायका विवरण खुलाई यो दरखास्त गरेको छु।

१. जलयात्रा व्यवसायीको:-

(क) नामः

(ख) ठेगानाः

(ग) शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

| क्र.सं. | नाम | उमेर | ठेगाना | शेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. जलयात्रा व्यवसायमा लगानी गरेको पूँजीको विवरण:-

(क) अधिकृत पूँजीः

(ख) जारी पूँजीः

(ग) चुक्ता पूँजीः

(घ) स्थिर पूँजीः

(ङ) चालू पूँजीः

३. आगामी तीन वर्षमा सेवा पुर्‍याउने अनुमानित पर्यटक संख्या तथा विदेशी मुद्रा आर्जन सम्बन्धी विवरण:-

| वर्ष | पर्यटकको अनुमानित संख्या | अनुमानित विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख सम्भाव्य देशहरु |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |

४. प्रस्तावित जनशक्तिको विवरण,-

पहिलो मस्यौदा

| रिभर गाइड | प्रशासनिक कर्मचारी | लेखाको कर्मचारी | अन्य | जम्मा |
|---|---|---|---|---|
| | | | | |

५. जलयात्रा सञ्चालन गर्न आवश्यक हुने साधनहरुको प्रस्तावित विवरणः-

| सामग्री | प्रस्तावित | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

६. विदेशी जलयात्रा व्यवसायी वा अन्य त्यस्तै प्रकृतिका एजेन्सीहरुसँग सम्बद्धता कायम गरिने भएमा त्यसको विवरण :-

नामः

फ्याक्सः

ठेगानाः

इन्टरनेटः

टेलिफोनः

इमेलः

७. अन्य कुनै कुरा भएः ..................................................

८. संलग्न कागजातः

(क) कम्पनी भए कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ख) फर्म भए फर्म दर्ताको प्रतिलिपि,

(ग) नेपाली नागरिकताको प्रतिलिपि ।

माथी लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको,-

सहीः

नामः

पूरा ठेगानाः

मितिः

पहिलो मस्यौदा

**अनुसूची-१२**

**(दफा ४५ को उपदफा (१) सँग सम्वन्धित)**

जलयात्रा व्यवसायीकोको ईजाजतपत्र

ईजाजतपत्र संख्या .........................

श्री .......................................,

......................................... ।

तपाईलाई जलयात्रा व्यवसाय सञ्चालन गर्न सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७ दफा ४५ को उपदफा (१) बमोजिम यो ईजाजतपत्र दिइएको छ ।

१. ईजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीको:-

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/ शेयर धनी/ प्रोप्राइटरको नाम र विवरणः

२. ईजाजतपत्रको अवधि :-

**कार्यालयको छाप**

ईजाजतपत्र दिने अधिकारीको

सहीः

नामः

पदः

कार्यालयः

मितिः

नवीकरणको विवरण

| ईजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

पहिलो मर्यादा

पहिलो मस्यौदा